# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## नौगाड गाउँपालिका

## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## नौगाड गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## नौगाड गाउँपालिका

दार्चुला

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babarmahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५३८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नौगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नौगाड गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू १ करोड ४७ लाख ६४ हजार बेरुजु देखिएको छ । सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २६ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९३ लाख १४ हजार, नियमित गर्नुपर्ने रु ११ लाख ५४ हजार र पेश्की रू. १६ लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २ करोड ४५ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु २ करोड ९९ लाख ६१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

नौगाड गाउँपालिका

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | २९ | १४७६४ | ० | ० | ० | ४७ | २९ | १४७६४ | २६१४ | ११५४ | ९३१४ | ० | ० | १०४६९ | १६८० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नौगाड गाउँपालिका, दार्चुला | २४५६३ | ० | ९३६६ | १५१९७ | ० | १४७६४ | २९९६१ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : नौगाड गाउँपालिका, दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुष्कर सिंह धामी | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रितम सिंह ठगुन्ना | २०७७-१-२९ | २०७८-१२-५ |
| लेखा प्रमुख | दल बहादुर बोहरा | २०७६-१०-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १४,७६४,०१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,०७,४३,०३४.५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,५५,३१,२४१ | **चालु खर्च** | २८,८५,३४,७२९.०१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,२७,७१,७५० | **पूँजीगत खर्च** | १९,३६,२९,८१८ |
| **राजश्व बाँडफाँट** | ६,७५,३३,३४१.९ | **वित्तीय/अन्य व्यवस्था** | ११,६३,८६,५८७.६ |
| **आन्तरिक आय** | ४३,३१,६०६ | | |
| **अन्य आय** | १२,७३,३४,४३४.७ | | |
| **कुल आय** | ६१,७५,०२,३७३.६ | **कुल खर्च** | ५९,८५,५१,१३४.६१ |
| **बाँकी मौज्दात** | | २,९६,९४,२७३.५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ६५.३५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ०९७ जनसंख्या रहेको छ ।

लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।५। मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :

</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**आर्थिक विवरण**

<table>
<tr><td rowspan="2">विवरण</td><td colspan="4">यस वर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>५१,०२,३५,७३६.२०</td><td>४९,५५,९३,२२८.५०</td><td>१,१५,००,०००</td><td>५०,७०,९३,२२८.५०</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>५०,११,७२,२४०</td><td>४७,२९,५२,१७७.३०</td><td>१,१५,००,०००</td><td>४८,४४,५२,१७७.३०</td></tr>
<tr><td>११००० कर</td><td>७,३२,७०,०००</td><td>६,६४,१२,६५९.२५</td><td>०</td><td>६,६४,१२,६५९.२५</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १३००० अनुदान | ४२,२८,०२,२४० | ४०,१०,८७,२२९.४० | १,१५,००,००० | ४१,२५,८७,२२९.४० |
| संघीय सरकार | ३९,८५,३१,२४० | ३७,८८,१७,५९८.४० | १,१५,००,००० | ३९,०३,१७,५९८.४० |
| प्रदेश सरकार | २,४२,७१,००० | २,२२,६९,६३१ | ० | २,२२,६९,६३१ |
| अन्तरिक श्रोत | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | ५१,००,००० | ५४,५२,२८८.६५ | ० | ५४,५२,२८८.६५ |
| ख. अन्य प्राप्ति | ९०,६३,४९६.२० | २,२६,४१,०५१.२० | | २,२६,४१,०५१.२० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ९०,६३,४९६.२० | ९०,६३,४९६.२० | ० | ९०,६३,४९६.२० |
| धरौटी | ० | १,३५,७७,५५५ | ० | १,३५,७७,५५५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५१,१८,२६,५२४.२० | ४७,४४,६०,२६६.०१ | १,१५,००,००० | ४८,५९,६०,२६६.०१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५०,२७,६३,०२८ | ४७,०६,६४,५४७.०१ | १,१५,००,००० | ४८,२१,६४,५४७.०१ |
| २१००० पारिश्रमिक / सुविधा | ११,२७,१५,३६० | १०,८३,८८,९२०.०२ | १५,४५,००० | १०,९९,३३,९२०.०२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,६०,४७,९७१ | १०,७८,८९,३२५.९९ | १४,५५,००० | १०,९३,४४,३२५.९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | ३,६८,११,००० | ३,४९,९२,८९६ | ० | ३,४९,९२,८९६ |
| २७००० सामाजिक सुरक्षा | ३,३२,७०,६३५ | ३,२३,६४,११७ | ० | ३,२३,६४,११७ |
| २८००० अन्य खर्च | २०,५०,००० | १८,९९,४७० | ० | १८,९९,४७० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २०,१८,६८,०६२ | १८,५१,२९,८१८ | ८५,००,००० | १९,३६,२९,८१८ |
| घ. अन्य भूक्तानी | ९०,६३,४९६.२० | ३७,९५,७१९ | | ३७,९५,७१९ |
| कोषहरु | ९०,६३,४९६.२० | १२,७०,१०० | ० | १२,७०,१०० |
| धरौटी | ० | २५,२५,६१९ | ० | २५,२५,६१९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | (१५,९०,७८८) | २,११,३२,९६२.४९ | | २,११,३२,९६२.४९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८५,६१,३११ | | ८५,६१,३११ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (१५,९०,७८८) | २,९६,९४,२७३.४९ | | २,९६,९४,२७३.४९ |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>२,९६,९४,२७३.४९</td><td></td><td>२,९६,९४,२७३.४९</td></tr>
</table>
आर्थिक विवरणमा समावेश नभएका कारोबारहरु
<table>
<tr><th>शीर्षक</th><th>निकास रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>३८०७९१४२</td><td>३८०७९१४२</td></tr>
<tr><td>गरिवसंग विश्वेश्वर</td><td>४६४०००</td><td>४६४०००</td></tr>
<tr><td>प्रशासकीय भवन</td><td>१२९५३९८९</td><td>१२९५३९८९</td></tr>
<tr><td>एकिकृत स्वास्थ्य पूर्वाधार</td><td>५५७०१००</td><td>५५७०१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>विद्यालय अनुदान<br><br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा ४३ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>शैक्षिक गुणस्तर<br><br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारकालागि पालिकाको ध्यान जानु पर्दछ । | |
| ५ | | | **जिन्सीअभिलेख अद्यावधिक** | |
| ५.१ | | | जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार ल्यापटप प्रिन्टर र डेक्सटप कम्प्युटर लगायतका सामाग्रिहरु मर्मत गर्नुपर्ने तथा मोटरसाईकल लिलाम गर्नु पर्ने भनि औंल्याईएकोमा सोको नियमानुसार मर्मत तथा लिलाम नगरेको, म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक तथा म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत गर्नुपर्नेमा गरेको देखिएन ।पालिकाले यसको अभिलेख तथा व्यवस्थापन गरी तोकिएका फाराम प्रयोग तथा अभिलेख अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५.२ | | | सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरे पनि सवै शाखाहरुको एकिकृत जिन्सी नराखी शाखागत वडागत जिन्सी खाता राखेकोले जिन्सी सामान केकति छ यकिन हुनु सकेन । | |
| ५.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| ६ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु. | १,६८०,५०० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६.१ | गोधानी खोला ट्रस पुल निर्माण समिति | ३,०८,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६.२</td><td>चिउरी वगड सामुदायिक वन उपभोक्ता समिति</td><td>१,३२,०००</td></tr>
<tr><td>६.३</td><td>प्रेम राज जोशी</td><td>२,४०,०००</td></tr>
<tr><td>६.४</td><td>समाज कल्याण समाज</td><td>३,००,०००</td></tr>
<tr><td>६.५</td><td>सेली खोला झोलुङ्गे पुल निर्माण समिति</td><td>७,००,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>वित्तिय विवरणमा सवै कारोवार समावेश नगरेको<br><br>स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरेको देखिएन । सवै कारोवार समावेश गरी वित्तिय विवरण तयार गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क कानुन निर्माण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । हालसम्म पालिकाले १० ऐन, ३ नियमावली, २५ कार्यविधिसमेत गरी ३८ कानून बनाएको छ । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , फोहोर व्यवस्थापन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ पालिकाले ध्यान पुऱ्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७८/७९ मा गत वर्षको ४ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष ७ मुद्दा दर्ता भई कुल ११ मुद्दा रहेकोमा ४ मुद्दा फछ्र्यौट भई ७ मुद्दा बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेकोे, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी पालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| १० | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलाई रु.२१५००००। विविध खर्च भनेर होटलहरुको विलको आधारमा खर्च गर्ने गरेको देखियो । अतः खर्च गर्दा औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेर मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ । उक्त खर्च बाहेक पालिकाले यस बर्ष नगर सभा सञ्चालन खर्च वापत रु.१६३३७५। खर्च गरेको छ । | |
| ११ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाले अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा तथा विरामी परेका ७७ जना मानिसहरुलाई रु.१८८६८५९।— नगद बाँडेको देखियो । पालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि नबनाई बाँडिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको । | |
| १२ | | | **योजना प्राथमिकिकरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा पालिकाले गरेको देखिएन । पालिकाले सो सम्बन्धमा ध्यान दिनुपर्दछ । | |
| १३ | | | **चौमासिक खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने र चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगततर्फ बार्षिक रु.१९ करोड ३६ लाख ३० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ५३ लाख ३५ हजार अर्थात १३.०८ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड ३५ लाख ४८ हजार अर्थात ३२.८२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१० करोड ४७ लाख ४७ हजार अर्थात ५४.०९ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु. करोड लाख हजार अर्थात २५.४३ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमासिकमा पूर्जीगत खर्चमा भार परेको देखिएबाट सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने र चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गरिनुपर्दछ । | |
| १४ | | | **आयको प्रक्षेपण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । पालिकाले समितिको गठन गरी आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्दछ । समितिको बैठक बसे पनि सैदान्तिक भाषागत रुपमा सिमा निर्धारण गर्ने, योजना छनौट गर्ने निर्णय मात्र गरी बैठक टुङ्गाउने गरेको देखियो । समितिले कानूनको व्यवस्था बमोजिमको कार्य गर्नुपर्दछ । | |
| १५ | | | **अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।३।१० गते रु.५० करोड२७ लाख ६३ हजारको बजेट सभासमक्ष पेश गरेकोमा २०७८।३।२५ पारित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट पारित भएको ७ दिनभित्र खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मिति २०७८।४।१ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिभित्र खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| १६ | | | **बैक हिसाब मिलान नगरेको**<br><br>**बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी |
|---|---|---|---|
| १ | ग.७.२ प्रकोप व्यवस्थापन कोष खाता नौगाड | ४४१९२१ | ४४१९२१ |
| २ | ग.६.१ विविध कोष खाता नौगाड | १४७४२३३.७ | १४७४२३३.७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>ग.२.७ विविध खर्च खाता नौगाड</td><td>५८७७२४१.५</td><td>५८७७२४१.५</td></tr>
<tr><td>४</td><td>ग.३.१ धरौटी खाता नौगाड</td><td>१८०२२४५९</td><td>१८०४१९५४</td></tr>
<tr><td></td><td>चालु खर्च खाता</td><td>०</td><td>५१२२२०</td></tr>
<tr><td></td><td>पूँजीगत खर्च खाता</td><td>०</td><td>१६५४१९०</td></tr>
<tr><td>५</td><td>ग.४.१ संचित कोष खाता नौगाड</td><td>३८७८४१८.२९</td><td>१७०८८७१</td></tr>
<tr><td>६</td><td></td><td>२९६९४२७३</td><td>२९७१०६३१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी **रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् २०७९।४।९ गते चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात रकम शुन्य पारेको देखियो ।**<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br><br>• **जिन्सी निरीक्षण भएकोमा** उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको पाइएन,<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br><br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सोबमवजिमको गुरुयोजना तथा योजना लेखापरीक्षणको क्रममा पेश भएको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको **निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,**<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन,<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन उल्लेखित व्यहोरामा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १९ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १४१ जना कर्मचारीहरु करारमा राखि रु.३५२८०२४०। खर्च लेखेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्वीकृत गरेर मात्र कर्मचारी स्थायी पदपूर्तिमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **कल्याणकोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म रु१४७४२३३।७० जम्मा गरेकोमा कल्याण कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २१ | | | **कानून र सञ्चालन स्थिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, २५ कार्यविधि गरी ३८ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| २२ | | | **राजस्वको लेखाङ्कन** | |
| २२.१ | | | राजस्व लेखा अद्यावधिक नभएको — आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वडा पालिकाबाट रु.४३३१६०६। आन्तरिक राजश्व वापत एकीकृत वित्तिय विवरणमा आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प फारामहरु दैनिक आम्दानी रिपोट,दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । पालिकाले नगदी रसिद ठेलिहरु के कति छपाई गरेको हो सोको अभिलेख नराखेको र वडा कार्यालयहरुलाई ठेली बुझाएकोमा रसिद नियन्त्रण खाता राखेको देखिएन । कुन वडा कार्यालयबाट के कति राजस्व असुल भयो कति बाँकी छ सोको विवरण नभएकाले वास्तविक राजस्व असुलीको अवस्था र राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा वित्तिय विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकियन । राजश्व आम्दानी प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| २२.२ | | | पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गर्नुपर्ने तथा पालिका भित्रका घरजग्गा,व्यापार व्यवसाय,उद्योग तथा अन्य राजस्वका श्रोतहरु पहिचान गरी सोको अभिलेख राखी लगत अद्यावधिक गरी राख्नु पर्नेमा पालिकाले सोको अभिलेख पनि सही तरीकाले राखेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गरी राजस्वको दायरालाई फराकिलो बनाउन तर्फ ध्यान दिनुपर्दछ । | |
| २२.३ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३५०००० | ३४७२८६ | ९९.२२% |
| घरजग्गा वहाल कर | ६००००० | २६६८६१ | ४४.४७% |
| व्यवसाय कर | १००००० | ७१२६२ | ७१.२६% |
| व्यक्तिगत घट्ना दर्ता दस्तुर | ३५०००० | २६०५३४ | ७४.४३% |
| कृषि तथा पशुजन्य बस्तुको व्यवसायकि कारोबारमा लाग्ने कर | ५०००० | ५१०५७ | १०२.११% |
| सिफारिस दस्तुर | २००००० | १९७९७१ | ९८.९८% |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६००००० | ३१९६७४ | ५३.२७% |
| अन्य कर | १०००००० | ३६६१५३ | ३६.६१% |
| अन्य दस्तुर | ३५०००० | १५७२८६ | ४४.९३% |
| अन्य राजश्व | ३५००००० | २२९३५२२ | ६५.५३% |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।ण हुने लेखापरीक्षणमा यो बुँदा प्रयोग नगर्ने)</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>ठेक्का विवरण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखु पर्दछ । कार्यालयले पेश गरेको ठेक्क विवरण यस प्रकार छ | |

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी को नाम र ठेगाना | म्याद सम्बन्धि विवरण | | | सम्झौता र भुक्तानी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | कार्य सम्पन्न भएको मिति | लागत अनुमान रकम | सम्झौता रकम | हालसम्म भुक्तानी रकम |
| NRM/NBC/03/078/ 2079 | समैजी आवि विद्यालय निमाण योजना | श्री जगन्नाथ निर्माण सेवा महाकाली -05 दार्चुला । | २०७८।०७।०७ | २०७९।०२।१५ | २०७९।०२।५ | १३७००००० | 6744402.48 With out ps | 6701960 |
| 13/078-079/SABPVN/NRM | श्री समौजी आवि तेस्रो तला निर्माण योजना | श्री जगन्नाथ निर्माण सेवा महाकाली -05 | 2078.10.20 | 2079.03.15 | 2079.03.10 | ३१५६४८२।२५ | ३०५२२२५.६२ | 3052225 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>दार्चुला ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>14/078-079/SABPVN/NRM</td><td>श्री समौजी आवि वास ट्वाईलेट निर्माण योजना</td><td>श्री जगन्नाथ निर्माण सेवा महाकाली -05 दार्चुला ।</td><td>2078.10.20</td><td>2079.03.15</td><td>2079.03.10</td><td>1997929.85 with Vat</td><td>१९९३८०९.६६</td><td>1993808</td></tr>
<tr><td>सोझै खरिद</td><td>श्री समौजी आवी फर्निचर निर्माण कार्य</td><td></td><td>2079.03.14</td><td>2079.02.32</td><td>2079.03.19</td><td>558380.668 with VAT.</td><td>557994 with VAT.</td><td>557994</td></tr>
<tr><td>सोझै खरिद</td><td>श्री समौजी आवी वाल निर्माण कार्य</td><td></td><td>2079.03.14</td><td>2079.03.32</td><td>2079.03.19</td><td>807415.55 With vat</td><td></td><td>807313</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>NRM /NBC/W/17-077/078</td><td>प्रशासकिय भवन</td><td>राजेन्द्र सिद्दनाथ</td><td>2021 october 3</td><td>2024 June 22</td><td></td><td>76,213,395.14</td><td>64387444.52 with Vat & ps</td><td>12479999</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>निर्माण कार्य</td><td>नमस्कार जेभी</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>05/078-079/DSSIK/NRM</td><td>दल्लेख सामुदायि स्वास्थ्य ईकाइ निर्माण योजना</td><td>श्री जगन्नाथ निर्माण सेवा महाकाली -05 दार्चुला ।</td><td>15 nov.2021</td><td>2079.02.22</td><td>2078.12.30</td><td>3,849,834.00</td><td>3370062.55 with Vat & ps</td><td>3840211</td></tr>
<tr><td>04/078-079/NRM/NCB/W/NRM</td><td>लटिनाथ मावि स्कुल निर्माण योजना</td><td>श्री लटवाव निर्माण सेवा</td><td>2021 october 28</td><td>2079.02.21</td><td>2079.02.15</td><td>7,154,456.10</td><td>3323898.10 with Vat & ps</td><td>3259445</td></tr>
<tr><td>NRM/NCB/W/16/077-078</td><td>Construction of chhipulthan diversity park</td><td>श्री खानी मिसन । डिजाइन पोइन्ट जेभी</td><td>27-Jun-21</td><td>2079.09.21</td><td></td><td></td><td>47560197.57 with Vat & ps</td><td>13072080</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>खरिद सम्बन्धि</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । केही ठेक्कामा भुक्तानी प्रयोजनका लागि गुणस्तर परीक्षणका प्रमाण लिए पनि अधिकाँश ठेक्कामा गुणस्तर परीक्षणको प्रमाण लिएको देखिएन भने परीक्षण गरि प्रमाण पेश गरेका ठेक्का प्याकेजमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । त्यस्तै गुणस्तर परीक्षण गर्दा के कस्ता आइटमको कार्यालयबाट र वाहिरीवाट गरिने स्पष्ट गरेको छैन । तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ ।<br>**वीमा-** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले तोकिए बमोजिम बीमा गर्नु पर्ने गरी सम्झौता गरे पनि बीमा गरेको प्रमाण नै लिने गरेको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न ऐन नियमको मनसाय अनुसार कार्य भएको पाईएन । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने व्यबस्था गरी त्यसको प्रमाण लिने व्यबस्था हुनुपर्दछ ।<br>**कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>म्याद थप-सम्झाैता कार्यान्वयन सम्बन्धमा सम्झाैताकाे शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीकाे माग बमाेजिम म्याद थप स्वीकृत गरेकाे देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीकाे निबेदन बमाेजिम कारण मनासिब ठहऱ्याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **अति विपन्न परिवार नगद हस्तान्तरण**<br><br>कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार वडाअध्यक्षले स्थानीय तहलाई सिफारिस गर्ने, प्राप्त निवेदन रितपूर्वक भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले यकिन गरी रितपूर्वकका निवेदनको सूची अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी दावी विरोधका लागि तीन दिनको अवधी दिएर सार्वजनिक गर्नुपर्ने । त्यसरी दाबी विरोध गर्ने अवधी सकिएको तीन दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले लाभग्राहीको अन्तिम सूची स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नुपर्ने, कार्यपालिकाले पेश भएको सूचीमा समावेश भएका निवेदक लाभग्राही परिवारको हो होइन भन्ने थप यकीन गरी नगद प्राप्त गर्न योग्य लाभग्राही परिवारको अन्तिम सूची तीन दिन भित्र स्वीकृत गर्ने, सूचीमा परेका लाभग्राही निवेदकको बैङ्क खातामा रकम जम्मा हुनेगरी स्थानीय तहले प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने र नगद हस्तान्तरणको प्रतिवेदन त्यस्तो हस्तान्तरण गरेको पन्ध्र दिनभित्र अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेकोमा यस पालिकाले वडा कार्यालयको सिफारिसमा तोकिएका २०५ जना लाभग्राहीलाई बैंक खाता मार्फत रु.२०५००००। जम्मा गरेको देखियो । यसरी निर्देशिकाले तोकेको रित नपुगि रकम भुक्तानी गरेकोले नियमको पालनामा कार्यालयको ध्यान दिनुपर्दछ । | |
| २६ | | | **बढी भुक्तानी** | |
| २६.१ | ५२ | २०७८-१०-१८ | बढी भुक्तानी : बाट समैजी आधारभुत विद्यालय परीगाउँ भवन निर्माणको जगन्नाथ आर वि निर्माण सेवालाई रु ३२३४६३५।भुक्तानी गरेको छ ।प्राप्त बिलमा 1:2:4 को अनुपातको ढलानको कामको प्रति घनमिटर रु ८३००। का दरले भुक्तानी दिनु पर्नेमा १०००० का दरले भुक्तानी दिएकोले प्रति घनमिटर रु १७००।बढी दरले ११.५३ घनमिटरको मु. अ. कर समेत रु २२१५०। बढी खर्च लेखेको असुल गर्नुपर्ने रु | २२,१५० |
| २६.२ | १०१ | २०७८-१२-२२ | बढी भुक्तानी : जगन्नाथ आर वि निर्माण सेवालाई समैजी आधारभुत विद्यालय परीगाउ शौचालय निर्माणको गरी रु १४६२२६९।भुक्तानी दिएको छ । ब्लक मेसिनरीमा प्रति घन मिटर रु ७०००। का दरले निर्माण गरी खर्च लेखुपर्नेमा रु १८७००। प्रति घनमिटर दरले मुल्यांकान गरेकाले प्रति घनमिटर रु ११७००।का दरले ८.९२ घनमिटर कामको मु अ कर समेत रु १३५६८। समेत रु ११७९३२। बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | ११७,९३२ |
| २७ | | | **प्राविधिक प्रतिवेदन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्राविधिक प्रतिवेदन : सुरक्षीत नागरीक आवास कार्यक्रमा अन्तर्गत पालिकाले १७० घर परीवारलाई प्रति घरपरीवार रु २१८५६।का दरले रु ३७१५५२०।लाभग्राहीको खातामा निकासा गरेकोले उक्त अनुदानबाट निर्माण गरे नगरेको अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>लागत अनुमान<br><br>मापदण्ड:गो भौ न १५५।०७९।३।१७ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा यर्थातता हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । छिपुल्थाना डाईभर सिटी पार्क निर्माण बापत पहिलो बिलबाट निर्माण व्यवसायी खानी मिसन डिजाइन प्वाइन्ट जे भी बाट सम्झौता अनुसार निर्माण कार्य गरी रु १०५७२०८०। खर्च गरेको छ । सम्झौताको इकाइ न ३.२ र ३.३ मा सिढिको लागि ढुङ्गाको ७०९।७७ घनमिटर कार्य रु १६३३६६९४ ।गरेको छ । सो कामको लागत अनुमानको प्राविधिक दर विश्लेषण माग गर्दा पेश भएन । साइज कटिङ्ग ढुङ्गको लागि चाहिने र जमिन भित्र प्रयोग हुने ढुङ्गको गाह्रोको लागि मिलाएको जरुरी नभएको अवस्थामा समेत कटिङ्ग ढुङ्गा गाह्रोमा उपयोग गरेको स्थानीय निर्माण सामाग्री ढुवानी समेतको दर विश्लेषण पेश नहुदा रु १६३३३६९४। एकिन हुन सकियन । डाइभरसिटी पार्कमा गरेको लागानीले आय र रोजागारीमा पर्ने प्रभावको बारेमा प्रतिफल विश्लेषण गरेको र पर्यटन प्रवर्द्धनको अवस्था नदेखिएको अवस्थामा लगानी गरेको नियमित देखिएन । ढुङ्गाको गाह्रोको लागि दर विश्लेषण निर्माण सामानको स्थान र ढुवानी दररेट सहित दर विश्लेषण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>योजना छनौट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्रास योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति निर्माण व्यवसायीमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः<br>
<table>
<tr><td colspan="2">रु. १ लाख सम्म</td><td colspan="2">रु. १ लाख देखि २ लाखसम्म</td><td colspan="2">रु. २ लाखदेखि ५ लाखसम्मका</td><td colspan="2">रु. ५लाख देखि १० लाखसम्मका</td><td colspan="2">रु. १० लाखभन्दा बढीको</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 19 \| 950000 \| 54 \| - \| 31 \| - \| 11 \| - \| 23 \| - \| १०२६०० | |
| ३० | | | **शिक्षक विद्यार्थी अनुपात**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपुर्ती | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | |
| 1 | नौगडेश्वरी आविहोपरीगाड | 0 | 1 | 0 | 1 | 1 | 1 | 0 | 1 | 41 |
| 2 | भूमिराज आवि धौलोटे | 1 | 0 | 1 | 1 | 1 | 0 | 1 | 1 | 37 |
| 3 | भूमिराज आवि रैचु | 1 | 1 | 1 | 3 | 1 | 1 | 1 | 3 | 139 |
| 4 | मालिकार्जुन आवि एगरभगे | 2 | 1 | 0 | 3 | 2 | 1 | 0 | 3 | 116 |
| 5 | समैजी मा.वि. सौकेबगर | 3 | 0 | 0 | 3 | 3 | 0 | 0 | 3 | 188 |
| 6 | देवी आवि गडिगाड | 1 | 0 | 1 | 3 | 1 | 0 | 1 | 3 | 132 |
| 7 | समैजी आवि परीगाउँ | 1 | 1 | 0 | 3 | 1 | 1 | 0 | 3 | 108 |
| 8 | जनहित मावि धुलिगाड | 6 | 3 | 1 | 3 | 6 | 3 | 1 | 3 | 674 |
| 9 | मालिकार्जुन आवि सल्याड | 0 | 1 | 1 | 1 | 0 | 1 | 1 | 1 | 81 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 10 | भवानी आवि धुलिगडा | 2 | 0 | 1 | 0 | 2 | 0 | 1 | 0 | 54 |
| 11 | भूमिराज आवि खालिडाडा | 2 | 0 | 0 | 1 | 2 | 0 | 0 | 1 | 83 |
| 12 | दुर्गा आवि डाडा | 0 | 1 | 1 | 1 | 0 | 1 | 1 | 1 | 74 |
| 13 | जयदेवी आवि रैचु | 0 | 1 | 0 | 2 | 0 | 1 | 0 | 2 | 50 |
| 14 | मालिकार्जुन आवि मल्ला रैचु | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 2 | 18 |
| 15 | दिपज्योति आवि च्युरेबगड | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 | 60 |
| 16 | सल्लेधार आवि सल्ला | 2 | 1 | 0 | 0 | 2 | 1 | 0 | 0 | 58 |
| 17 | देवेश्वरी आवि कैदमकोट | 1 | 1 | 0 | 0 | 1 | 1 | 0 | 0 | 30 |
| 18 | गौरीशंकर मावि नागु | 1 | 2 | 1 | 4 | 1 | 2 | 1 | 4 | 158 |
| 19 | भवानी आवि साङपाङ | 0 | 2 | 0 | 1 | 0 | 2 | 0 | 1 | 77 |
| 20 | दुर्गा भवानी आवि जात्रा | 0 | 1 | 0 | 2 | 0 | 1 | 0 | 2 | 52 |
| 21 | भुमिराज मावि इयरकोट | 3 | 3 | 0 | 3 | 3 | 3 | 0 | 3 | 296 |
| 22 | परमेश्वरी आवि पनखाए | 0 | 1 | 0 | 1 | 0 | 1 | 0 | 1 | 10 |
| 23 | हिमालयसिद्धनाथ आवि गोफा | 0 | 1 | 0 | 1 | 0 | 1 | 0 | 1 | 12 |
| 24 | महादेव आवि लक्सेरी | 0 | 1 | 0 | 2 | 0 | 1 | 0 | 2 | 81 |
| 25 | कृष्ण आवि चौरीगाउँ | 1 | 1 | 1 | 3 | 1 | 1 | 1 | 3 | 165 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 26 | लटिनाथ मा वि खार | 7 | 4 | 1 | 1 | 7 | 4 | 1 | 1 | 592 |
| 27 | पानीधारा आवि दल्लेख | 2 | 0 | 0 | 1 | 2 | 0 | 0 | 1 | 43 |
| 28 | केदारेश्वरी मावि सुण्डमुण्ड | 6 | 3 | 2 | 1 | 6 | 3 | 2 | 1 | 339 |
| 29 | ताराकोट भवानी आवि जामिर | 2 | 0 | 1 | 3 | 2 | 0 | 1 | 3 | 186 |
| 30 | गणश आवि डाडाजामीर | 2 | 1 | 0 | 0 | 2 | 1 | 0 | 0 | 47 |
| 31 | पसरौल आवि देउलाड | 1 | 1 | 0 | 1 | 1 | 1 | 0 | 1 | 55 |
| 32 | डाडाबाग आवि तल्लासुण्डमुण्ड | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 | 123 |
| 33 | सिद्धनाथ आवि पारीमेला | 0 | 1 | 0 | 1 | 0 | 1 | 0 | 1 | 8 |
| 34 | दुर्गाभवानी आवि डाडा | 0 | 1 | 2 | 1 | 0 | 1 | 2 | 1 | 89 |
| 35 | मालिकार्जुन आवि भिड | 1 | 1 | 0 | 1 | 1 | 1 | 0 | 1 | 37 |
| 36 | गणेश विनायक मावि सिप्टि | 6 | 5 | 3 | 5 | 6 | 5 | 3 | 5 | 845 |
| 37 | भैरवराज आवि होपरी | 2 | 2 | 2 | 1 | 2 | 2 | 2 | 1 | 207 |
| 38 | दुर्गाभवानी आवि घोरकट्ट्या | 1 | 1 | 1 | 0 | 1 | 1 | 1 | 0 | 62 |
| 39 | भैरवनाथ आवि भैरौं | 0 | 1 | 0 | 2 | 0 | 1 | 0 | 2 | 45 |
| 40 | डाडाबाग आवि चोटके | 0 | 0 | 0 | 4 | 0 | 0 | 0 | 4 | 60 |
| 41 | डाडाबाग आवि गैरा | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 | 77 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>42</td><td>भवानी आवि मल्लामट्टे</td><td>0</td><td>0</td><td>0</td><td>2</td><td>0</td><td>0</td><td>0</td><td>2</td><td>23</td></tr>
<tr><td>43</td><td>जलदेवी आवि घट्टकसाड</td><td>0</td><td>0</td><td>0</td><td>2</td><td>0</td><td>0</td><td>0</td><td>2</td><td>15</td></tr>
<tr><td></td><td>जम्मा</td><td>58</td><td>45</td><td>21</td><td>79</td><td>58</td><td>45</td><td>21</td><td>79</td><td>5647</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता निकासा<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम निकासा वा खर्च भएको रकम असुल गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालयको पहिलो त्रैमासिक तलव भत्ता निकासा गर्दा लटिनाथ मावि खारका राहत शिक्षक प्रेम बहादुर ठगुन्नालाई कर्मचारी सञ्चयकोष थप भनेर रु.१२०८०।बढी निकासा गरेको देखियो । तसर्थ नपाउने रकम निकासा भएकोले असूल गर्नुपर्ने रु.</td><td>१२,०८०</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१८७०६४८८। शैक्षिक संस्थालाई अनुदान शीर्षकबाट तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सेनीटरी प्याड खरिद<br><br>सामुदायीक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड २२७६० थान सोझै कोटेशनको माध्यमबाट प्रति थान रु. ७६.८४ (मु अ कर सहित) को लागत अनुमान गरी श्री स्टार मल्टि ट्रेड लिङ्कर्स(६०७३१३४१५) धनगढी र एस.के ईन्टरनेसनल(३०१५०८९२४)बाट प्रति थान रु. ७६.८४ का दरले कुल रु.१७४८८७८।४ (मु अ कर समेत) भुक्तानी गरी खरिद गरेको छ। स्थानीटरी प्याड ( बितरण तथा व्यवस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, खरिद गरेका प्याडहरु तोकिए</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण नभएको, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>नन्फाइलर<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.८३२५२। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>९६।०७८।९।२०</td><td rowspan="2">लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स</td><td rowspan="2">३०१७८२११९</td><td>२२६०००</td><td>२६०००</td><td rowspan="2">२०७८।M।९</td></tr>
<tr><td>४३८।२०७९।३।१०</td><td>४९७६५२</td><td>५७२५२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८३२५२</td><td></td></tr>
</table></td><td>८३,२५२</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>लघु उद्यम विकास कार्यक्रम<br><br>गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने तथा सञ्चालित सिप विकास तालिमबाट उत्पादन भएका समाग्रिहरुको विक्रिबाट प्राप्त भएको राजस्व संकलन गरी पालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ ।तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरण अन्तरगत मेसिन खरिद गरी रु.२९५०००। खर्च लेखेकोमा खरिद</td><td>५९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाग्रीहरु उद्यमीहरुलाई वितरण गरी कम्तिमा २० प्रतिशत रकम असुल गरी बाँकी ८० प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.५९०००। रकम सम्बन्धित उद्यमीहरुबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने तथा सिप विकास तालिमबाट उत्पादित सामाग्रिहरुको विक्रिबाट प्राप्त आय राजस्व जम्मा गर्नुपर्ने रु. | |
| ३६ | | | **अनुदान बितरण**<br><br>बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एककृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान वितरण तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीलाई अनुदान वितरण गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा कुनै कानुन तथा निति तयार गरेको छैन । कार्यालयबाट खर्च हुने अनुदानमा संघको कार्यक्रमको संघिय निर्देशिका र स्थानीय तहबाट खर्च हुने अनुदानको स्थानीय निर्देशिकालाई पालना गरेर खर्च गर्नुपर्नेमा केहि कार्यक्रममा सोको पनि पालना नगरी खर्च गरेको देखिन्छ । यसले गर्दा अनुदान वितरणमा वास्तविक लाभग्राहिले नपाउने पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम देखिन्छ । पालिकाबाट हुने अनुगमन मुल्याँङ्कनमा वास्तविक वस्तुस्थितिको कार्यक्रम पूर्व तथा कार्यक्रम पश्चातको काम झल्कने गरी फोटो अनुगमन प्रतिवेदन वेगर अनुगमन भत्ताको मात्र विल भर्पाई रहने गरेको देखिन्छ । अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था देखिदैन । साथै उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ । | |
| ३७ | २९५ | २०७९-१-१५ | **बढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन निर्देशका २०७७ अनुसार साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रममा चोटके गवाडी फलफूल उत्पादन कृषक समूहलाई आलु बालीको उत्पादन गरी पकेट क्षेत्र विकासका लागि रु.१९८८३६७। मा सम्झौता गरेकोमा निज फर्मले आलु खरिदका लागि विभिन्न फर्मबाट कोटेशन लिएकोमा सवै भन्दा घटीवाला हिमालयन सिड्स एण्ड सप्लायर्सले दररेटमा प्रति क्विन्टल ७०००। का दरले दिन सकिने गरी पेश गरेकोमा खरिद विलमा प्रति क्विन्टल रु.८०००। मा | ६०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६० क्विन्टलको रु.४८००००। खरिद गरेकोले प्रति क्विन्टल रु.१०००।का दरले रु.६००००। बढी भुक्तानी भएको सम्बन्धित सप्लायर्सबाट असुल गर्नुपर्ने रु. | |
| ३८ | ५११ | २०७९-३-२१ | **लागत साझेदारी**<br><br>प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन निर्देशका २०७७ अनुसार साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रममा कृषक समूहसँगको सम्झौतामा व्यहोर्नुपर्ने लगानीको अनुपात तोक्नुपर्ने व्यवस्था छ । कार्यालयले मल्लारैचु भेडा बाखा पालन तथा कृषि बहुउद्देश्यीय कृषक समूहसँग बाखाको पकेट क्षेत्र विकासका लागि कुल रु.१२५४४००। लागत अनुमानमा कार्यालयको रु.७०००००। र कृषक समूहको रु.५५४४००। व्यहोर्ने गरी सम्झौता गरेको देखियो । समूहले पेश गरेको विल भर्पाई परिक्षण गर्दा बाखा खरिद तथा अन्य औषधि खरिद,गाडी भाडा,तालिम अनुगमन गरी रु.७९८६००। को विल पेश गरेकोमा सम्झौता अनुसार बाखा खरिद र पशु आहारा व्यवस्थापनमा ५० प्रतिशत व्यहोर्नुपर्नेमा कार्यालयको अंशको मात्र काम गरेको भनि सर्वजनिक परिक्षण समेत गरेको देखियो । सम्झौता अनुसारको कृषक समूहले व्यहोर्नुपर्ने रकम रु.४५४०००।मात्र भुक्तानी गर्नुपर्नेमा रु.७०००००। भुक्तानी गरेकोले बढी भुक्तानी रु.२४६०००। सम्बन्धित कृषक समूहसँग असुल गर्नुपर्ने रु. | २४६,००० |
| ३९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रममा पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घोरेटोबाटो निर्माण, तटवन्धन, अन्य विद्यालय भवन मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी ८४२ जनालाई औषतमा ७३ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.३०५२५४६२। खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ४० | ७३४ | २०७९-३-२५ | **विविध खर्च :**<br><br>प्रदेश आर्थिक कार्यविधी ऐन २०७५ को दफा ३७ (३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । नगरपालिकाले गो भौ नं ७३४।२०७९।३।२५ बाट समैजि कृषि बहुउद्धेसिय सहकारी पसललाई सम्झौता बेगर तथा बिलभरपाई बेगर रु १ लाख रकम भुक्तानी गरेको देखिएकोले अनियमित रकम | १००,००० |
| ४१ | | | **ईन्धन खर्च**<br><br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ मा सवारी साधनको ईन्धन मर्मत खर्चमा एकरुपता ल्याउन मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था रहेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु १६३१४६७।०० ईन्धन खर्च गरेको छ । ईन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक ईन्धन खर्च र उपयोगिताको विवरण खुल्नेगरी अधिलेख राखेको छैन । ईन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरि लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यानजानु पर्ने देखिन्छ । | |
| ४२ | | | **राजस्व असुल**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकाले आम्दानी गरेको राजस्व रकम दैनिक असुल दाखिला गरेको देखिएन । राजस्व संकलकले आफु अनुकुल जम्मा गर्ने गरेको ले पालिकाले यस सम्बन्धमा यकिन गरी ढीला दाखिला गर्नेलाई कानुन अनुसार जरिवान असुल गरी आगामी दिनमा स्वचालित प्रणालीबाट राजस्व असुल गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **सोझै खरिद :**<br><br>**सोझै खरिद**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पपर्धा सिमित हुने गरी खरिद गर्नुनहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु ५ लाखभन्दा माथि रु २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एवं एउटा आपुर्तिककर्तासंग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले गत वर्ष २०७७।७८ मा निर्माण व्यवसायी निसा निर्माण सेवा संग एक वर्षमा पटक पटक गरी खरिद नियामावली तोकेको सिमा भन्दा बढी निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै रु ९६०८३५। खरिद गरेकोले कानुनको पालना नगरी सोझै खरिद गरेको नियससम्मत नदेखिएको रु | ९६०,८३५ |
| ४४ | | | **पुँजिगत बजेटबाट शिक्षक तलव :**<br><br>**पुँजिगतबाट शिक्षक तलव**: गाउँपालिका अन्तर्गत विद्यालयमा शर्सत अनुदानबाट शिक्षकको तलव भत्तामा निकासा दिई खर्च लेखेको छ ।पालिकाले विद्यालयमा कार्यरत शिक्षक दरवन्दी मिलान गरी सोही आधारमा शिक्षक नियुक्त गरी खर्च लेख्नु पर्दछ ।शिक्षक दरवन्दी र विद्यार्थि संख्याको आधारमा आवश्यक पर्ने भए प्रतिस्पर्धात्मक तवरले छनोट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने गरेर मात्र निजी शिक्षक नियुक्त गरी खर्च लेख्नु पर्दछ । पालिकाले विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थिको अनुपातको पहिचान तथा दरवन्दी मिलान बेगर गाउँपालिकाको समानिकरण पुँजिगत बजेटबाट निम्न विद्यालयका निजि स्रोतका शिक्षकको तलव तथा व्यवस्थापनको रु ८०००००।लागि निकासा दिएको रकम अनियमित देखिएको रु<br><br>विद्यालयको नाम — शिक्षक तलब<br>मालिकार्जुन आ वि भीड — १०००००।<br>केदारेश्वरी माध्यामिक विद्यालय सुण्ड मुण्ड — ३००००० [ व्यवस्थापन खर्च]<br>मालिकार्जुन आ वि एगर भगे — ४००००० | |
| ४५ | | | **बिमा नगरेको :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **बीमा गराउनुपर्ने :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ ।सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको छैन । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ४६ | | | **पाइप खरिद :**<br><br>**पाइप खरिद :** पालिकाले स्विकृत बजेटबाट गौ भौ न २२६।०७८।११।२ बाट विभिन्न साइजका पाईप खरिद गरी रु १९१८३९१। खर्च लेखेको खरिद गरेक पाइपहरु कुन कुन आयोजना वा योजनामा जडान गरेको प्रमाण पेश नगरेकोले खरिद गरेका पाइपहरु सम्वन्धीत योजनाहरुमा जडान गरेको प्राविधिक विल पेश हुनुपर्ने रु | १,९१८,३९१ |
| ४७ | | | **भरीएसन स्वीकृत :**<br><br>**भेरिएशन स्वीकृत** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद गर्दा सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पस्ट कारण खुलाई भेरिएसन स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।पालिकाको ठेक्का न NRM/NCB/w/17-077/78को प्रशासकीय भवन निर्माण लागि राजेन्द्र नमस्कार सिद्धनाथ जे भी संग रु ७४३८७४४।५२ मा सम्पन्न गर्ने सम्झौता भएको छ ।सम्झौता अनुसार Earth works in cutting and filling को कार्य 713.54 m3 ७०० का दरले ४९९४७७।९८ बिओक्युमा उल्लेख गरेकोमा निर्माण व्यवसायीले प्रथम रनिङ्ग विलबाट रु १२४७९९९९। भुक्तानी दिएकोमा Earth works in cutting and filling को कार्य 2171.56 m3 कार्य गरी रु १५२००९५। भुक्तानी गरेको छ । सम्झौतामा उल्लेख गरेको भन्दा ३०० प्रतिशत बढी १४५८ घनमिटर बढी परीमाणको रु १०२०६१४।भुक्तानी दिएकोमा निर्माण व्यवसायीसंग दर नेगोसेसन नगरेको र भेरिएसन स्वीकृत नगरी खर्च लेखेकोले रकमको भेरीएसन स्वीकृत गर्नुपर्ने रु | १,०२०,६१४ |
| ४८ | | | **वितरणमुखी कार्यक्रम :**<br><br>**वितरणमुखी कार्यक्रम :** गाउँपालिकाले वडामा स्वीकृत गरेको वजेटबाट भेडा वाखा वितरण गरी खर्च लेखेको छ ।भेडा वाखा वितरणको लागि पालिकाले कुनै कार्यविधि तथा मापदण्ड तयार नगरी वितरण गरेको छ । नमुना छनोटको आधारमा परीक्षण गरेकोमा भेडा बाखा पालन समुहलाई वितरण गरी रु ६०४०००। खर्च लेखेकोमा गो भौ न ५६।०७८।८।२६ बाट लक्ष्मी भेडा वाखा पालन समुहलाई रु १९७०३५।मा अनुदान | ६०४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिएको रकमबाट उक्त समुहले मिति ०७८।८।२० मा विवेक भेडा बाखा पालन तथा व्यवसाय फर्मबाट खरिद गरेको देखिन्छ । गो भौ न ८१।०७८।९।१६ बाट जगन्नाथ भेडा वाखा पालनको लागि रु ३००००। अनुदान दिएकोमा मिति ०७८।९।१ बाट लक्ष्मी भेडाबाखा पालन व्यवसायबाट खरिद गरेको देखिन्छ । पालिकाबाट वाखापालनको लागि अनुदानमा खरिद गरेको वाखा २६ दिनमा नै अर्को समुहलाई विक्री गरेको देखिन्छ । अत : पालिकाले जुन उद्देश्यले वाखा वितरण गरेको सो अनुसार वाखा पालन गरेको नदेखिएकोले अनुदान पाएका वाखा समुहले वाखा पालि व्यवसाय गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | |
| ४९ | | | **बढी भुक्तानी :**<br><br>**बढी भुक्तानी**:होपरीगाँड लघु जलविद्युत आयोजना निर्माणको लागि वडा न ४ को विनियोजितबाट गो भौ न ४१।०७८।८।८ बाट रु २ लाख अनुदान दिएको रकमबाट निर्माण गरी खर्च लेखेकोमा Rabble stone masonary 1 : 4 को कार्य १५.६० घन मिटरको स्विकृत नर्म्स अनुसार रु १२६०६।को दरले खर्च लेख्नु पर्नेमा रु १३८४७.३१ का दरले खर्च लेखेको स्विकृत नर्म्स भन्दा रु १२४१.३१ दरले रु १९३६४। बढि खर्च लेखेको रकम असुल गर्नुपर्ने रु | १९,३६४ |
| ५० | | | **मिलोमतो :**<br><br>**मिलोमतो** : सार्वजनिक खरिद ऐन,२०६३ १ (क) अनुसार ऐनको दफा ६२ बमोजिम आचरण विपरित कार्य गरी बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बाडँफाडँ गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला वा स्वतन्त्र प्रतिस्पर्धाको नामबाट बञ्चित गर्ने उद्धेश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु अघि पछि मिलोमतो गर्न नहुने व्यवस्था छ । यस गाउँ कार्यपालिकाले बोलपत्रको माध्यमबाट खरिद प्रकृया अपनाएको ठेक्का इ-विडिङ्ग भएको छैन ।पालिकाले खेडा एकभगे ग्रामीण सडक निर्माण योजनाको लागि भ्याट बाहेक लागत अनुमान रु ३४००५७०।९६ उल्लेख गरी सुचना प्रकासन गरेकोमा पालिकामा ३ वटा फर्मले बोलपत्र दर्ता गरेको छ । बोलपत्र दर्त गरेको मध्ये जगन्नाथ आर वी कन्स्ट्रकसनले पेश गरेको रकम रु ३८५२४८४।१३ मालिकार्जुन कालिछीनी निर्माण सेवाले रु ३४३५७४८।०१ र लटबाबा निर्माण सेवाले रु ३३५७२४१।४२ को बोलपत्र पेश गरेकोमा २वाट फर्मले सुचनामा उल्लेख गरेको लागत अनुमान भन्दा बढि रकम उल्लेख गरी दर्ता गरेका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकनको लागि सारभुत रुपमा प्रभावग्राही नभएको भनी मुल्यांनमा समावेश नगरी लटबाबा निर्माण सेवाले पेश गरेको रु ३३५७२४१।४२ आर्थात लागत अनुमान भन्दा १.२७ प्रतिशत घटीको रकमको बोलपत्र स्वीकृत गरेको छ ।खरिद कार्य प्रतिस्पर्धि नभई मिलोमतोमा निर्माण कार्य भएको देखिन्छ । कार्यालयले ठेक्का प्रकृयामा मिलोमतो भयो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएन भनेर मूल्यांकन गरी कालोसूचीमा राख्नु पर्नेमा सो अनुरुप कारबाही गरेको छैन । यसरी ठेक्का प्रकृयामा मिलोमतोको संभावना देखिदा कार्यालयले आवश्यक छानबिन गरी जिम्मेवारी वहन गरेको देखिएन । | |
| ५१ | | | **निर्माण कार्यको गुणस्तर :**<br><br>**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । पालिकाको प्रशासकीय भवन निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने परिक्षण जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ | |
| ५२ | | | **कार्यसम्पादन जमानत :**<br><br>**कार्य सम्पादन जमानत**: सार्वजनिक खरिद ऐन २०६३, को दफ २७(३) मा वोलपत्र स्विकृत भएपछि १५ दिन भित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौताको लागि उपस्थित हुनु पर्ने व्यवस्था रहेको छ दफा २७(४) मा वोलपत्रको कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्ने रकम निर्धारण सुत्रको समेत व्यवस्था रहेको छ ।त्यसै गरी खरिद नियमावली २०६४ को नियम ४ मा कार्यसम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधी भन्दा कम्तीमा एक महिना बढी अवधीको हुनुपर्ने व्यवस्था छ ।पालिकाले ठेक्का NRM/NCB/W/01/078/79 जामिर साङपाङ इएरकोट सडक निर्माणको लागि निर्माण व्यवसायी इन्द्रधनुष निर्मणा सेवासंग मिति २०७९।७।२९ मा सम्पन्न हुने गरी २९७८।७।२६ गते सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण व्यवसायीले कार्यसम्पादन जमानत रु १३२८००००।को मान्य अवधी मिति २०८०।८।२९ सम्मको हुने पर्नेमा निर्माण व्यवसायीले कृषि विकास वैकको मिति २०७९।७।२६ सम्म मान्य हुने गरी कार्यसम्पान जमानत पेश गरेकोले खरिद नियमावली अनुसार कार्यसम्पादन जमानतको म्याद मिति २०८०।८।२९ सम्म मान्य अवधि भएको प्रमाण पेश गर्नुपर्दछ | |
| ५३ | | | **बोलपत्र स्वीकृत :**<br><br>**बोलपत्र स्वीकृत**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६७[१] मा बोलपत्र स्वीकृत गर्ने व्यवस्था उल्लेख गरेको छ । नियमावालीको व्यवस्था अनुसार तिन करोड सम्मको बोलपत्र राजपत्राङ्कित तृतिय श्रेणीको कार्यालय प्रमुखले स्विकृत गर्न सक्ने उल्लेख छ ।पालिकाको प्रशासकीय भवन निर्माणको लागि निर्माण व्यवसायी राजेन्द्र नमस्कार सिद्धनाथ जे भी ले कवोल गरेको रु ६४३८७४४।५२ को बोलपत्र राजपत्राङ्कित तृतिय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | श्रेणीका प्रशासकीय प्रमुखले बोलपत्र स्वीकृत गरी सम्झौता गरेको छ ।प्रशासकीय प्रमुखले बोलपत्र आफै स्वीकृत गर्न नमिल्ने भएमा कार्यपालिकाबाट बोलपत्र स्वीकृत गरी सम्झौता गर्नुपर्नेमा राजपत्राङ्कित तृतिय श्रेणीका प्रशासकीय प्रमुखले बोलपत्र स्वीकृत गरेको नियमसम्त देखिएन | |
| ५४ | | | **जलविद्युत आयोजनालाइ अनुदानः**<br><br>**होपरीगाँड प्रथम लघु जलविद्युतलाइ अनुदान**: १०० किलोवाटको होपरीगाँड प्रथम लघु जलविद्युत आयोजना वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रबाट संचालित आयोजनाको लागि होपरीगाँड प्रथम लघु जलविद्युत आयोजनाका अध्यक्ष पान सिंह धामीले गाउँपालिकाको कार्यालयमा मिति २०७६।१।४ मा सहयोगको लागि निवेदन पेश गरेकोमा गाउँपालिकाको कार्यालयबाट उक्त जलविद्युत आयोजनाको लागि रु १०२०००००। उपलब्ध गराउने प्रतिवद्धता गरे अनुसार पालिकाले यस वर्ष जलविद्युत आयोजनाका अध्यक्षलाई रु ७१५००००। पेश्की दिएकोमा गो भौ न ३३७।०७९।३।३।बाट ट्रान्समिटर लगायतका सामान खरिद गरेको रु ७००००००। विल भरपाइ पेश गरी सोही आधारमा पालिकाले पेश्की फस्यौंट गरेको र प्रदेश सशर्त अनुदानबाट रु २००००००। समेत जम्मा रु ९०००००० । अनुदान दिएको छ । पालिकाबाट लघु जलविद्युत आयोजनालाई प्रतिवद्धता गरेको अनुसार रकम भुक्तानी गरे वापत पालिकाले उक्त आयोजनाबाट पाउने सुविधा सम्वन्धमा केही उल्लेख नगरी रकम भुक्तानी दिनु कानुन सम्मत नदेखिएकोले उक्त लघु जलविद्युत आयोजनाको लाभ लागतको अनुपातमा पालिकाले पाउने सुविधा सम्वन्धमा आयोजनासंग सम्झौता गरेर मात्र पालिकाले प्रतिवद्धता गरे अनुसार रकम भुक्तानी गर्नुपर्दछ । होपरीगाँड प्रथम लघु विद्युतलाई पालिकाले अनुदान दिएको रकमकोबाट पालिकाले प्राप्त गर्ने शेयर प्रमाण पत्र वा अन्य सुविधाको अभिलेख राखनु पर्दछ । | |
| ५५ | | | **सोझै खरिद**<br><br>सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष सार्वजनिक सुनुवाई सूचना प्रकाशन तथा जनचेतनामुलक सन्देश शिर्षकबाट मिडिया विकास समाजलाई सार्वजनिक सुनुवाई र समाजिक परिक्षण गरे वापत रु ७३४५००।०० र संचालन तथा मर्मत सम्भार शिर्षकबाट एम ए डब्ल्यू अर्थ मुभर्स प्रा लि लाई रु ४५४५४०।००प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरि रु ११८९०४० खर्च लेखेकोले कानूनको पालना गरी खरिद गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **प्राविधिक बिल तथा नापी किताब :**<br><br>**प्राविधिक विल तथा नापी किताव**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सम्झौता अनुसार सार्वजनिक निकायले सम्झौता अनुसार प्राविधिक नाप जाँच गरी नापी किताव उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने उल्लेख छ ।पालिकाले होपरी सडक पार्खालको निर्माण उपभोक्त समितिलाई रु ३००००००। भुक्तानि दिएकोमा सम्झौता अनुसार कार्य सम्पादन गरेको प्राविधिक विल तथा नापी किताव पेश नगरेकोले प्राविधिक विल तथा नापी किताव पेश हुनुपर्ने रु | ३,०००,००० |
| ५७ | | | **सामाजिक सुरक्षा** | |
| ५७.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । | |
| ५७.२ | | | पालिकाले यस बर्ष बैंक मार्फत रु.३८०७९१४२। वितरण गरेकोमा सामाजिक सुरक्षा कार्यविधि अनुसार खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार नगरेको, स्थानीय तहबाट डमी एकाउन्ट खोलिएको लाभग्राहीबाट केवाईसी अपडेट भए नभएको, बैंकले जि एल एकाउण्ट समेत फिर्ता नगरेकोले वास्तविक रकम के कति खर्च भएको यकिन गर्न सकिएन । समयमै लगत अद्यावधिक गरी सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ५७.३ | | | सिस्टममा लगत कट्टाको विवरण र बैंकमा पठाएको विवरण हेर्दा वडा नं.४ का जेष्ठ नागरिक अर्जुन सिंहधामी अघिल्लो बर्ष नै बसाई सराई गरेको भए पनि भत्ता बर्ष भरि बैक खातामा जम्मा भएको रु.४८०००। देखिन्छ । कार्यालयले बेलैमा लगत अद्यावधिक गरी यकिन तथ्याङ्कको आधारमा सामाजिक सुरक्षा भत्ता खर्च लेख्नु पर्ने र बढी भएको असुल गर्नुपर्ने रु. | |
| ५८ | | | **पदाधिकारी सुविधा** | |
| ५८.१ | | | स्थानीय सरकार संचालन एन २०७४ तथा पदाधिकारी सेवा सूविधा संचालन एन २०७५ र संशोधन २०७६ अनुसार पदाधिकारीले स्थानीय तहमा अनुगमन गरेवापत अनुगमन भत्ता पाउने कुनै व्यवस्था गरेको देखिदैन र पदाधिकारीहरुले अतिथि सत्कार वापत पाउने रकम पदाधिकारीको सेवा | २३७,६९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सूविधामै समावेश गरेको हुदा सो वापत छुट्टै रकम पाउने व्यवस्था छैन । निम्न पदाधिकारीहरुले अनुगमा भत्ता तथा अतिथि सत्कार र होटल बास वापत बुझेको रकम असूल गर्नुपर्ने</td><td></td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>सुदुर पश्चिमाञ्चल प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा यस प्रदेशका स्थानिय तहका प्रमुख तथा उप प्रमुखले भान्छे अथवा सहायक राख्न पाउने व्यवस्था गरेको छैन । त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ को ८ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने कुरा उल्लेख छ तर नगरपालिकाले भान्छेको रुपमा मोहन सिंह धामी र गोविन्द सिंह धामीलाई २०७९।२।१२ मा नियुक्ति गरी मासिक २७,७६७/- का दरले पारिश्रमिक भुत्तानी गरेको छ । यसरी नियम वितरित भुक्तानी भएको रकम नियम संगत नदेखिएको</td><td>९४,०८०</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>करारका कर्मचारीलाई स्थानीय भत्ता<br><br>गाँउपालिकाले देहाय बमोजिमका करारका कर्मचारीहरुलाई दुर्गम भत्ता र महंगी भत्ता दिएको देखिन्छ । करारका कर्मचारीहरुलाई दुर्गम भत्ता दिन पाउने व्यवस्था नदेखिएकोले के आधारमा भुक्तान गरेको हो प्रमाण पेश गर्ने रु<br><br>
<table>
<tr><th>क सं</th><th>पद नाम</th><th>स्थानीय भत्ता</th><th>महंगी भत्ता</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>ई रोहीत अवस्थी</td><td>१४१७२०</td><td></td><td>१४१७२०</td></tr>
<tr><td>२</td><td>वि व्य अ कृष्ण सिंह ठगुन्ना</td><td>१४१७२०</td><td></td><td>१४१७२०</td></tr>
<tr><td>३</td><td>स ई जगत सिंह डडाल</td><td>९२५२०</td><td></td><td>९२५२०</td></tr>
<tr><td>४</td><td>योजना स नरेन्द्र प्र ठगुन्ना</td><td>९२५२०</td><td></td><td>९२५२०</td></tr>
<tr><td>५</td><td>उद्यम स दान सिंह ठगुन्ना</td><td>९२५२०</td><td></td><td>९२५२०</td></tr>
<tr><td>६</td><td>जेसिवि चालक बहादुर सिंह धामी</td><td>६२२८०</td><td></td><td>६२२८०</td></tr>
</table></td><td>१,१६९,६४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>एम्बुलेन्स चालक लाल बहादुर ठगुन्ना</td><td>१०७८८०</td><td></td><td>१०७८८०</td></tr>
<tr><td>८</td><td>भे अ महेन्द्र सिंह अधिकृत</td><td>१४१७२०</td><td></td><td>१४१७२०</td></tr>
<tr><td>९</td><td>भे जेटिए लाल सिंह धामी</td><td>७७५२०</td><td></td><td>७७५२०</td></tr>
<tr><td>१०</td><td>कृ अ मान सिंह धामी</td><td>१४१७२०</td><td></td><td>१४१७२०</td></tr>
<tr><td>११</td><td>कृ जेटिए मुकुन्द सिंह ठगुन्ना</td><td>७७५२०</td><td></td><td>७७५२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>११६९६४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>औषधि खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको र त्यस्तो उत्पादनकले स्थानीय डिलरलाई दिए सरहको छुट दिने गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद नहुने व्यवस्था छ । पालिकाले यस बर्ष औषधिजन्य सामाग्रि र औषधि खरिद गरेकोमा केही उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेका प्रमाणका आधारमा तथा केही सोझै गरी बार्षिक रु.१३७९९७४। को खरिद गरेको देखियो । नियममा तोकेको सिमा भन्दा बढीको औषधिजन्य सामाग्री तथा औषधि खरिद गरेकोमा स्थानीय डिलरलाई दिने सरहको मूल्यमा दिए नदिएको एकिन हुन सकेन । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई जाँच गर्नुपर्ने, उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्नु पर्नेमा सो अनुसार गरेको प्रमाण राखेको देखिएन । यस्तो अवस्थामा पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्पेशीफिकेशन अनुसार भएको छ भनि यकिन गर्न सकिएन । यसका अतिरिक्त बार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी अद्यावधिक अभिलेख राखी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **बढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । देवेश्वरी आधारभुत विद्यालय कैदमकोट भवन निर्माण योजना उपभोक्ता समितिलाई रु.३०६३२४५।८९ को कार्य सम्पन्न गरी रु.२४०००००। भुक्तानी दिएकोमा आर.सि.सि ३७.९४ घ.मिको नापी किताव अनुसार ४१७० केजि लागेको भनि मूल्याङ्कन गरेकोमा उपभोक्ताको विल भर्पाई परिक्षण गर्दा ३७०० केजि मात्र खरिद गरेको देखिएकोले खरिद गरे भन्दा बढी परिमाण ४७० केजि आईरनको प्रति केजि रु.१६७.७८ ले रु.७८८५७। बढी भुक्तानी गरेको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ७८,८५७ |
| ६२ | १८१ | २०७९-३-२४ | **दोहोरो भुक्तानि**<br><br>जमिर साङपाङ एयरकोट सडक इन्द्र धनुष निर्माण सेवाबाट सम्झौता अनुसार निर्माण कार्य गरी रु ४४१६१५०। खर्च लेखेको छ । निर्माण व्यवसायीले दोहोरो पर्ने गरी चेनेज २६७० देखि २८८०। सम्म साधारण रक ७७२३।०२ घनमिटर प्रति घनमिटर ४० का दरले रु ३०८९२०।र कडा चट्टान ३९०२।५६घन मिटरको प्रति घनमिटर रु ५५ का दरले रु २१६६४०। समेत रु ५२३५६०। को मु अ कर समेत रु ५९१६२३। दोहोरो परेकोले उक्त दोहोरो हुने गरी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ५९१,६२३ |
| ६३ | १९९ | २०७९-३-२५ | **मुल्य समायोजन**<br><br>मुल्य समायोजन : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा संरचना निर्माणमा लागेको सामाग्री उपकरणको मात्र शुत्रको आधारमा मुल्य समायोजन पाउने व्यवस्था छ ।१९९।०७९।३।२५ बाट गणेश विनायक मावि संरचना निर्माणमा रु २१२८५९१८।ओभरहेड प्रोभिजनलसम डेवकर्स समेतको मुल्यांकन आधारमा मुल्यवृद्धि गणना गर मानक प्रयोग गरेको गणना हिसाव नगरी मुल्य वृद्धिरु २५२६०७७। दिएकोमा मुल्य समायोजन दिने गरेकोमा कार्यालयबाट यो वर्ष मुल्य समायोजन दिएको छैन । | |
| ६४ | १९९ | २०७९-३-२५ | **जिन्सी दाखिला तथा नापी कितावमा अभिलेख**<br><br>जिन्सी दाखिला तथा नापी कितावमा अभिलेख : गो भौ न १९९।०७९।३।२५ बाट सार्वजनिक खरिद नियमावली २०७४ को नियम १२३ १ख मा प्रविधिक नापजाँच गरी नापी कितावम उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारामा भुक्तानी गर्ने व्यवस्था छ । थोदुङ भुमिराज केदार | २,६८८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जेभीले गणेश विनायक मावि भवन निर्माण गरे वापत रु १२३३८०५३।भुक्तानी गर्दा देहायका इकाइदरको नापी किताव र विद्यालयको प्राप्त गरी जिन्सी खातामा दाखिला गरेको पेश नगरी भुक्तानी गरेकोले नापी किताव तथा जिन्सी खातामा दाखिला नगरेको रु २६८८०००।खर्च लेखेकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>इकाइ न</th><th>सामानको नाम</th><th>इकाइ</th><th>थान</th><th>रकम</th></tr>
<tr><td>२६</td><td>बेन्च डेस्क</td><td>गोटा</td><td>२१०</td><td>१०५००००</td></tr>
<tr><td>२७</td><td>डेक्सटप कम्युटर</td><td>गोटा</td><td>१४</td><td>७०००००।</td></tr>
<tr><td>२८</td><td>स्मार्ट इन्टर</td><td>गोटा</td><td>१४</td><td>७०००००।</td></tr>
<tr><td>२९</td><td>कम्युटर टेवुल</td><td>गोटा</td><td>१४</td><td>९८०००।</td></tr>
<tr><td>३०</td><td>घुम्ने कुर्षि</td><td>गोटा</td><td>१४</td><td>१४००००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२६८८०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>विविध खर्च<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरीक आयको परिधि भित्र रही अ ौचित्यताको आधारमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च तर्फ मात्र २१५००००।०० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>अनुगमन मुल्याङ्कन<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रु.हजार</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>गत वर्षसम्मको बाँकी बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</td><td>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</td></tr><tr><td>२४५६३</td><td>९३६६</td><td>१५१९७</td></tr></table> | |
| ६७ | | | **सम्परीक्षण**<br><br>यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।<br><table><tr><td>सि न</td><td>आर्थिक वर्ष</td><td>दफा न</td><td>बेरुजुको संक्षिप्त व्यहोरा</td><td>फस्यौंटको आधार</td><td>सम्परीक्षण रकम</td></tr><tr><td>१</td><td>२०७५।७६</td><td>५</td><td>वैक नगदी भन्दा आर्थिक विवरणमा बढी देखिएको रु ४६८९८६७।</td><td>लेखा समिति तथा पालिकाको गाउँ सभाबाट फस्यौंट प्रमाण पेश गरेको ।</td><td>४६८९८६७।</td></tr><tr><td>२</td><td>२०७६।७७</td><td>१३</td><td>विनियोजन भन्दा बढी खर्च रु ३४७२७४।</td><td>लेखा समिति तथा पालिकाको गाउँ सभाबाट फस्यौंट गरेको प्रमाण पेश ।</td><td>३४७२७४।</td></tr><tr><td>३</td><td>२०७६।७७</td><td>१७</td><td>अस्थाइ दरवन्दी सृजना नगरी करार कर्मचारी भर्ना गरी खर्च लेखेको रु १३४४०००।</td><td>करार कर्मचारी व्यवस्थापन गर्न सम्वन्धी कार्य विधि रापत्रमा प्रकाशित गरी सोही आधारमा लेखा समिति तथा पालिकाको गाउँ सभाबाट</td><td>१३४४०००।</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | फस्यौंट गरेको प्रमाण पेश । | |
| ४ | २०७६।७७ | ३६ | सोझै खरिद रु २१८९३३८।०२ | लेखा समिति तथा पालिकाको गाउँ सभाबाट फस्यौंट गरेको प्रमाण पेश । | २१८९३३८।२ |
| ५ | २०७६।७७ | ३८ | पोलीहाउस तथा विउवितरण भरपाइ पेश नभएको रु ७९६०००। | लेखा समिति तथा पालिकाको गाउँ सभाबाट फस्यौंट गरेको प्रमाण पेश । | ७९६०००। |
| | जम्मा | | | | ९३६६४७९।२ |